

# वर्तमान परिस्थितीको रमीते हामी

टंक सम्वाहाम्फे

ह•कङ्ग

रमीते मात्र रहेछौ हामी
वर्तमान परिस्थितीको
किनकी आखा कै सामुन्ने
घट्छन् घटीरहन्छन्
सोच्दै नसोचेको /देख्दै नदेखेको
घट्नाहरु
श्रृङ्खलावद्ध/चरणवद्ध
कोही लुटिन्छन्/कोही भुटिन्छन्
कोही चुडिन्छन् /कोही किचिन्छन्
आङै सिरीङ्ग हुने दृश्यहरु
एउटा कृतिम चलचित्र जस्तै छ
यो गाउको/यो शहरको दिनचर्या
चुपचाप सहि रहेछौ वलत्कृत क्षणहरु
त्यसैले त सपनाका रङ्गहरु
रङ्गीन हुन पाएका छैनन् बिथोलिएर
अलिकति बाच्ने रहरहरु पनि
भयभीत भएका छन् खुशीहरु ओढ्न नपाउदै
उदाङ्गिएको छ यसरी यथास्थिती
स्वबिवेक प्रयोग गरे हुने
अनवरत युद्ध जस्तो
कोही लडिरहेछन्/कोही हासी रहेछन्
कोही सोक सन्तप्त छन्/कोही सिदुर पुछि रहेछन्
कोही हुस्कि /कोही व्रान्डीमा रमाई रहेछन्
कोही विजयघोष/काही मृत्युगीत गाईरहेछन्
मनोमानीको कुम्भमेला लागेको छ यहा
बढ्दो छ हिंस्रक बिचारहरुको पदचाप
त्यसैले त हार गुहार छैन कसैले कसै माथी

शिष्टचार लोप भएको छ मानवतामा
हुन त यहा के हुन्न र?
नदी बन्छ थोपा थोपा मीले
सागर बन्छ नदी नदी मीले
तर खै काहा नदी भएका छौ र?
तर खै काहा सागर भएका छौ र?
आकाश पनि कहिले काही
गर्जने गर्छ मेघ भै
चम्कने गर्छ बिजुली झैं
र वर्सिने गर्छ आक्रोसका असीनाहरु
तर व्यर्थ छ हाम्रो उपस्थिती यहा
किनकी बाध्यताका पट्टिहरु मुखभरी बाधेर
निःशब्द हुनुमा
आफ्नै मृत्यु कुरेर जीउदो लाश हुनुमा
यसर्थ
रमीते मात्र रहेछौ हामी
वर्तमान परिस्थितीको
किनकी आखा कै सामुन्ने
घट्छन् घटीरहन्छन्
सोच्दै नसोचेको /देख्दै नदेखेको
घट्नाहरु
श्रृङ्खलावद्ध/चरणवद्ध
कोही लुटिन्छन्/कोही भुटिन्छन्
कोही चुडिन्छन् /कोही किचिन्छन्